नेपाल सरकार

अर्थ मन्त्रालय

## महालेखा नियन्त्रक कार्यालय

# कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय

**गोरखापत्र दैनिकमा २०७८/०६/१३ मा प्रकाशित सूचना**

## सबै सरकारी निकायहरुलाई सरकारी बाँकी रकम असुल उपर गर्नु गराउनु हुन हार्दिक अनुरोध ।

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकी सरह असूल उपरको लागि लगत कायम भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई पटक पटक सरकारी बाँकी रकम भुक्तानी गर्नुहुन पत्राचार तथा सूचना गर्दा समेत अटेर गरी सरकारी बाँकी रकम नतिर्ने/नबुझाउने लगतवालाको तिनपुस्ते सहितको नामनामेसी विवरण www.kumarichowk.gov.np को सरकारी बाँकी शिर्षकमा प्रकाशित गरिएको छ । सरकारी निकायहरुले कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई कुनै पनि किसिमको रकम भुक्तानी गर्दा www. http://kumarichowk.gov.np/sarkari-baki.html मा रहेको सरकारी बाँकी रकम नबुझाउने व्यक्ति, फर्म, कम्पनी वा संस्था भएमा निजले पाउने रकमबाट सरकारी बाँकी रकम कट्टा गरी यस कार्यालयमा उपलब्ध गराइदिनुहुन आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ११४ को उपनियम (३) बमोजिम हार्दिक अनुरोध गर्दछ । यदि यो सूचनालाई वेवास्ता गरी (जानिजानी) त्यस्तो सरकारी बाँकी रकम असूल उपर नगर्ने नगराउने कार्य गरेको पाईएमा सोहि नियमावलीको नियम ११४ को उपनियम (४) बमोजिम त्यस्तो कार्यमा संलग्न कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागिय कारवाहि गर्न सम्बन्धित निकायमा लेखि पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

## सरकारी बाँकी लगतवालालाई सरकारी बाँकी रकम तिर्नु बुझाउन आउनुहुन हार्दिक अनुरोध।

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकी रकम तिर्न बुझाउन बाँकी हुनेहरुको लगत कायम गरी निजहरुको नाम नामेसी विवरण यस कार्यालयको वेवसाईट www. http://kumarichowk.gov.np/sarkari-baki.html मा प्रकाशित गरिएको छ । सरकारी बाँकी रकम बुझाउन पटक पटक पत्राचार तथा सार्वजनिक सूचना प्रकाशित गर्दै आइरहेकोमा यी सूचना र प्रयासका बाबजुद पनि सरकारी बाँकी हुनेहरुबाट यस कार्यालयमा रकम बुझाउने काम नभएको हुँदा बाध्य भएर निजहरुको तिनपुस्ते बिवरण प्रकाशिल गरिएको छ । जिम्मेवार व्यक्ति/फर्म/संस्था/कम्पनी वा निजका हकवालाले यस कार्यालयमा सम्पर्क राखी आफूहरुले बुझाउनु पर्ने सरकारी बाँकी रकम र सोमा नियमानुसार लाग्ने ब्याज समेत बुझाई आ-आफ्नो नामको लगत कट्टा गर्न आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११४ को उपनियम (१) बमोजिम सबैलाई अनुरोध गरिन्छ । सरकारी बाँकी रकम बुझाउन अटेर गर्नेहरुको हकमा सोही नियमावलीको नियम ११४ को उपनियम (२) देखि (१२) सम्मका प्रकृया बमोजिम असुल उपरको कारवाही अगाडी बढाईने छ । यसो गर्दा सरकारी बाँकी हुनेहरुको आर्थिक हानी नोक्सानी तथा सामाजिक प्रतिष्ठामा क्षति हुन गएमा सोको जिम्मेवार यस कार्यालय नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई समयमै जानकारी गराउन समेत यो सूचना प्रकाशित गरिएको छ ।